मिति २०७६।२।२५

**मेल्लेख, अछाम**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको **संस्थागत सामाजिक उत्तरदायित्व** (CSR) कार्यक्रम अन्र्तगतको आर्थिक सहयोग तथा नेत्र ज्योतिसंघ गेटा आँखा अस्पतालको प्राविधिक सहयोग र मेल्लेख गाउंपालिका, अछामको आयोजनामा मिति २०७६ जेठ २४ र २५ गते निःशुल्क आंखा शिविर सञ्चालन भएको छ । मेल्लेख गांऊ पालिका वडा नं ५ मेल्लेख अछाम स्थित श्री जनता माध्यमिक विद्यालयमा सम्पन्न भएको उक्त दुई दिने शिविरमा गेटा आँखा अस्पताल कैलालीबाट आएको १७ जना प्राविधिकहरूको टोलीले स्वाथ्य सेवा प्रदान गरेको उक्त कार्यक्रममा ७१ जना बिरामीहरूको आँखाको मोतिबिन्दुको शल्यक्रिया गरिनुका साथै २०० जना भन्दा बढि व्यक्तिहरूलाई निःशुल्क चस्मा वितरण गरिएको थियो भने कुल ६४८ जना ग्रामिण समुदायमा बसोबास गर्ने गरिव, बिपन्न र असहाय व्यक्तिहरूले सो शिविरबाट प्रत्यक्ष सेवा लिएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जोगी बोहोराको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रका प्रमुख अतिथि मेल्लेख गांऊपालिका अध्यक्ष लोक बहादुर बोहोरा र विशिष्ठ अतिथि धनबहादुर शाही रहनु भएको थियो । डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट प्रदेश नं ५ का अनुगमन अधिकृत निलराज ढकाल उपस्थिती रहेको उक्त कार्यक्रममा स्थानिय क्षेत्रका जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक/ शिक्षिकाहरू, स्थानिय पत्रकार, केन्द्र प्रमुख, समुह सदस्य तथा विद्यार्थीहरूको उल्लेखनिय उपस्थिति रहेको थियो ।

कार्यक्रमका झलकहरू




पालिका/नेपाल नेत्रज्योति संघ
शिविर
डिप्रोक्स लघुवित वितीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
२ दिने नि:शुल्क आँखा शिवि

